(परमेश्वरले गर्नुभएको छुटकाराको त्यस महान् कार्यको विवरण प्रस्थान १४ अध्यायमा पढ्न सक्नुहुन्छ, जहाँ इस्राएलीहरूले कसरी लाल समुद्र पार गरे भन्ने कुराको बयान गरिएको छ ! )

निम्न पदहरू पढ्नुहोस् र जवाफ दिनुहोस् ।

१. **व्यवस्था ७:८** --इस्राएल राष्ट्रलाई कसले छुटकारा दिए ? ______________ । यो छुटकारा दिनलाई के परमेश्वरले आफ्नो शक्ति प्रयोग गर्नुपर्‍यो ? ____________ । के इस्राएलका सन्तानहरूले मिश्रको दासत्वबाट छुटकारा पाए ? ___________

२. **व्यवस्था ९:२६** -- महान् उद्धारकर्ता (छुटकारा दिनेवाला) को हुनुहुन्छ ? _________________ । के इस्राएलले छुटकारा पाउन त्यहाँ परमेश्वरको शक्तिशाली कार्यको आवश्यकता पर्‍यो ? ___________ । के इस्राएलका सन्तानहरू आफैले आफैलाई छुटाउन सक्थे ? ____________

३. **व्यवस्था १३:५** -- शक्तिशाली उद्धारक को हुनुहुन्छ ? _________________ । के इस्राएलका सन्तानहरू दासत्वबाट स्वतन्त्र पारिए ? ______________________

४. **व्यवस्था १५:१५** -- इस्राएललाई कसले मुक्त गरे (छुटकारा दिए) ? _________________ । इस्राएलका सन्तानहरूले कहिल्यै भुल्न नहुने कुरा के थियो ? __________________________________

५. **व्यवस्था २४:१८** -- इस्राएलका सन्तानहरूले सधैं सम्झना राख्नुपर्ने दुईटा कुराहरू के-के थिए ?

१) ______________________________________________

२) ______________________________________________

६. **२ शमूएल ७:२३-२४** इस्राएल राष्ट्रलाई कसले छुटकारा दिए ? ________________ । कुन चाहिँ राष्ट्रबाट इस्राएल छुटाइएको थियो ? __________ । पद २३ मा हामी सिक्छौं, इस्राएललाई परमेश्वरले ____________ निम्ति छुटाउनुभयो । " इस्राएल अब मिश्रीहरूको स्वामित्वमुनि थिएनन् । उनीहरूका नयाँ मालिक अब को हुनुहुन्थ्यो ? ____________

७. **१ इतिहास १७:२१-२२** पढ्नुहोस् । शक्तिशाली उद्धारकर्ता को हुनुहुन्छ ? ________________ । कुनचाहिँ जातिलाई उहाँले छुटकारा दिनुभयो ? ____________ । इस्राएल कुनचाहिँ देशबाट मुक्त गरियो ? ___________ । मुक्त गरिएका हुनाले उनीहरू अब कसका भएका थिए ?

________________ । उनीहरू कहिलेसम्मका निम्ति उहाँका भएका हुन् (पद २२) ? ________________________

८. **मिका ६:४** -- परमप्रभुले इस्राएललाई कुनचाहिँ देशदेखि छुटाउनुभयो ? ________________ । के उहाँले उनीहरूलाई दासत्वबाट छुटाउनुभयो ? ________________

माथिका ८ ओटा खण्डहरूको अध्ययनबाट हामीले इस्राएलको छुटकारा सम्बन्धी निम्नलिखित तथ्यहरू सिकेका छौं --

**तथ्य १** -- इस्राएलका उद्धारकर्ता __________________ हुनुहुन्थ्यो ।

**तथ्य २** -- उनीहरूले छुटकारा पाउनु अघि, इस्राएलका सन्तानहरू मिश्रदेशमा ______________ थिए ।

**तथ्य ३** -- परमेश्वरको शक्तिशाली _______द्वारा इस्राएलले छुटकारा पाए ।

**तथ्य ४** -- उनीहरूले छुटकारा पाएको दिनदेखि, इस्राएलका सन्तानहरू सदार्सवदाका निम्ति ________________का भए ।

त्यसरी नै ख्रीष्टमा विश्वास गर्ने व्यक्तिले पाएको छुटकाराको सवालमा पनि यिनै चारओटा तथ्यहरू देख्न सकिन्छ । यी चारओटा तथ्यहरूलाई यसरी व्यक्त गर्न सकिन्छः

**१) महान् उद्धारकर्ता २) क्रूर दासत्व ३) शक्तिशाली कार्य ४) नयाँ मालिक**

## विश्वासीको छुटकारा (एफेसी १:७)

### १) महान् उद्धारकर्ता

कसले हाम्रा निम्ति अनन्त छुटकारा प्राप्त गर्नुभयो (हिब्रू ९:११-१२) ? __________________ । कसले हामीलाई परमेश्वरका निम्ति छुटाउनुभयो (प्रकाश ५:८-९) ? __________________ । (टिप्पणी: "थुमा" को हुनुहुन्छ ? १ पत्रुस १:१८-१९ बाट पत्ता लगाउनुहोस्) । हामीलाई व्यवस्थाको श्रापबाट कसले छुटकारा दिनुभयो (गलाती ३:१३) ? ______________ । हामीलाई छुटकारा दिनलाई परमेश्वरले कसलाई पठाउनुभयो (गलाती ४:४-५) ? ____________ । कसले हामीलाई स्वतन्त्र पार्न सक्नुहुन्छ (यूहन्ना ८:३६) ? ____________ __________ । हामीलाई



प्रति दिन पवित्र जीवन बिताऔं भन्ने अपेक्षा परमेश्वर गर्नुहुन्न कारण हामीले त्यसो गर्नै सक्दैनौं भनी उहाँ जान्नुहुन्छ । __________ **(ठिक कि बेठिक)**

२ तिमोथी २:१९ अनुसार कसैले आफू ख्रीष्टियन भएको दाबी गर्छ भने उसले के गर्नुपर्छ ? ______________________________ । कुन-कुन व्यक्तिहरू साँच्चै उहाँका हुन् भनी के प्रभु जान्नुहुन्छ ? ____________ । पद २१ मा हामी सिक्छौं ख्रीष्टियन एउटा आदरको भाँडो बन्नुपर्छ, जो ____________ _____________ (अलग गरिएको), ____________को काममा आउने" हुन्छ । तपाईंको मालिक तथा स्वामी को हुनुहुन्छ ? _______________ । खाना खाने बेला तपाईं कस्तो थाल प्रयोग गर्नुहुन्छ, सफा कि फोहोर ? _________ । हामी यदि अशुद्ध र फोहोर भाँडा छौं भने के हाम्रा मालिक तथा प्रभुको काममा आउने हुन्छौं होला ? ____________ । त्यसैले, २ कोरिन्थी ७:१ अनुसार, हामीले शरीर र आत्माका ________ मैलाबाट आफूलाई _________ पारौं र परमेश्वरको डरमा _____________ सिद्ध पारौं । " (शब्दार्थ: "परमेश्वरको डर मान्नु" = उहाँलाई मन नपर्ने कुनै पनि काम गर्न डराउनु ! (भाग १, पृष्ठ १० मा हेर्नुहोस्) । अनि हामी हाम्रा अङ्गहरूलाई दासका रूपमा ____________का निम्ति धार्मिकता (सही हिंडाइ, सही सोचाइ, सही बोली, सही गराइ) को वशमा सुम्पन सक्छौं (रोमी ६:१९) र ____________का निम्ति आफ्ना फल फलाउन सक्छौं (रोमी ६:२२) । साथै हामी यी दुई कुराको पछि लाग्न सक्छौं, मेलमिलाप र ____________ (हिब्रू १२:१४) । (शब्दार्थः "पछि लाग्नु" = "दगुर्दै पछ्याउनु, खेद्दै पछ्याउनु") ।

**ठिक कि बेठिक:**

__________ प्रत्येक विश्वासीको एक पवित्र बोलावट छ ।
__________ प्रत्येक विश्वासीको हिंडाइ पवित्र हुन्छ ।
__________ परमेश्वरको आज्ञा छ, हाम्रो हिंडाइ हाम्रो बोलावट जत्तिकै पवित्र होस् (एफेसी ४:१) ।

## ४. तथ्य ४ -- बाइबलीय अलगपनताका दुई पक्षहरू

१) -बाट अलग
२) -तर्फ अलग

**ठिक कि बेठिक:** ____________म एक पवित्र जन हुँ र परमेश्वरले मलाई पवित्र बोलावटले उहाँकहाँ बोलाउनुभएको हो भनी म जान्दछु । उहाँको अनुग्रहले म एक पवित्र र अलग (फरक) जीवन बिताउन चाहन्छु ताकि म उहाँको, अर्थात् मलाई प्रेम गर्ने र मेरो निम्ति मर्नुहुने परमेश्वरको पुत्रको हुँ भनी सबैले जानून् !

ठूलो समस्या त्यसबेला आउँछ जब हामी एफेसी ४:१ लाई उल्लङ्घन गर्छौं र हाम्रो पवित्र बोलावटको योग्य चालमा हिँड्दैनौं । हामी पवित्र जनहरू हौं, तापनि हामी दिनहुँ नै पवित्र जनहरूझैं हिँड्दैनौं । यस तथ्यलाई चित्रमा हेरौं:-

**बोलावटको तुलनामा जीवन हलुको !**

१ थेस्स ४:७
२ तिमो १:९




१ कोरिन्थी १:११-१३
१ कोरिन्थी ३:१-५
१ कोरिन्थी ५:१

हाम्रो बोलावट कहिल्यै बदलिँदैन भन्ने कुरा माथिका दुईटा चित्रहरूलाई तुलना गरेर बुझ्न सकिन्छ ! हामीलाई बोलाउनुहुने को हुनुहुन्छ (१ कोरिन्थी १:९) ? ______________ । के उहाँ कहिल्यै बदलिनुहुन्छ (मलाकी ३:६) ? ______________

तपाईंको जीवनको निम्ति परमेश्वरको इच्छा के हो भन्ने कुरालाई एकै शब्दमा १ थेस्सलोनिकी ४:३ मा बताइएको छ: ____________ । यस शब्दको माने के हो? (यस अध्ययनको तथ्य १ मा हेरेर ठिक जवाफ पत्ता लगाउन सक्नुहुन्छ):

(क) पापरहित हुनु
(ख) धर्मी ठहरिनु
(ग) प्रभुको निम्ति अलग गरिनु, अलग हुनु
(घ) सदाको लागि परमेश्वरको सन्तान बन्नु

उपर्युक्त सूचीका कुन-कुन कुराहरू विश्वासीको वर्तमान अनुभवसित मिल्छन् (क,ख,ग,घ मध्ये तीनओटा): ____ ____ ____ । कुनचाहिँ उत्तर हाम्रो उद्धारको अन्तिम चरणको दिनदेखि मात्र वास्तविक हुनेछ (एफेसी १:१४ र ४:३०)? ____ । १ थेस्सलोनिकी ४:३ मा "परमेश्वरको इच्छा" भन्नाले "परमेश्वरले हरेक विश्वासीको निम्ति चाहनुहुने कुरा" भन्ने बुझिन्छ । १ पत्रुस १:१५-१६ अनुसार परमेश्वर हाम्रो जीवन कस्तो भएको चाहनुहुन्छ__________ ? । हामीले दिन



सबै अधर्मबाट छुटकारा दिनालाई कसले आफैलाई हाम्रा निम्ति दिहाल्नुभयो (तीतस २:१३-१४) ? ____________ ______________ । यसकारण, हाम्रा महान् उद्धारकर्ता को हुनुहुन्छ ? ________________________

## २) क्रूर दासत्व

ख्रीष्टको साँचो चेलाले के गर्दछ (यूहन्ना ८:३१) ? ____________ ______________________________ । मानिसलाई स्वतन्त्र पार्ने कुरा के हो (यूहन्ना ८:३२) ? ____________ । सत्य के हो ? १) यूहन्ना १७:१७ अनुसार ? __________________________ । २) यूहन्ना १४:६ अनुसार ? __________________________ । यूहन्ना ८:३३ मा के यहूदीहरूले आफूलाई दास ठान्थे ? ________________ । प्रभु येशूले पद ३४ मा भन्नुभयो, "जसले पाप गर्छ, त्यो पापको __________ हो । " त्यसैले, आफूलाई स्वतन्त्र ठान्ने यहूदीहरू वास्तवमा __________का दास थिए । पापको दासत्वबाट हामीलाई छुटाउन सक्नुहुने एउटै मात्र व्यक्ति को हुनुहुन्छ (पद ३६) ? _____________________ __________ । रोमी ६:१७ अनुसार, मुक्ति पाउनु अघि हामी __________ का ____________ थियौं ।

गलाती ३:१३ अनुसार, ख्रीष्टले हामीलाई कुनचाहिँ कुराबाट छुटकारा दिनुभएको छ ? __________________________________ । व्यवस्थाको श्राप गलाती ३:१० मा उल्लेख छ । एउटा व्यक्तिले पापको दास भएर व्यवस्थाको पुस्तकमा भएका सबै कुराहरूलाई पालन गर्न सक्छ कि सक्दैन ? ____________ । पापको बन्धनमा रहेको व्यक्तिले दस आज्ञा नबिराइकन पालन गर्नु सम्भव छ ? _______ । व्यवस्थाका पवित्र मागहरू यस प्रकार छन्: "व्यवस्थाले भनेका सबै कुराहरू पालन गर्यौ भने तिमी बाँच्नेछौ ! व्यवस्थाले भनेका सबै कुराहरू पालन गरनौ भने तिमी मर्नेछौ ! " पापका दास भएका हुनाले हामीले सिद्ध रूपमा व्यवस्था पालन गर्न सक्दैनौं र त्यसैले हामी मृत्युको श्रापमुनि परेका छौं ! तैपनि, हाम्रा एक महान् उद्धारकर्ता हुनुहुन्छ जसले हामीलाई बचाउने हेतुले हाम्रो मृत्युदण्डको श्राप आफैले बोक्नुभयो (गलाती ३:१३) !

## ३) शक्तिशाली कार्य

हाम्रो उद्धार (छुटकारा) सम्भव गराउन परमेश्वरले एउटा शक्तिशाली कार्य गर्नु आवश्यक थियो । परमेश्वरको यो महान् कार्यको बयान १ पत्रुस १:१८-१९ मा छ । कुनचाहिँ कुराले हामीलाई छुटकारा दिलायो ? ____________ ________________________________________ । एफेसी १:७ मा

हामी सिक्छौं, हामीले ______________________ द्वारा छुटकारा पाएका हौं । प्रकाश ५:९ मा हामी सिक्छौं, ख्रीष्टले हामीलाई __________ ______________द्वारा परमेश्वरका निम्ति किनेर छुटाउनुभएको हो । ख्रीष्टको "रगत" ले हामीलाई उहाँ संसारका पापहरूका निम्ति मर्नुहुँदा कलवरीको क्रूसमा चढाइएको त्यो महान् बलिदानको सम्झना गराउँछ (यूहन्ना १:२९; १ तिमोथी २:६ र १ यूहन्ना २:२) । हाम्रा मुक्तिदाताले क्रूसमा पूरा गर्नुभएको महान् कार्यले गर्दा नै हामीले पापको दासत्वबाट छुटकारा पाएका हौं ! पुरानो नियमका पशु बलिहरू परमेश्वरका थुमा हाम्रा प्रभु येशू ख्रीष्टको सिद्ध र अन्तिम बलिदानको चित्रण थिए (हिब्रू ९:१२-१४ र १०:३-१२) । ती सबै बलिदानहरूले एक दिन कलवरी क्रूसमा चढाइने सिद्ध बलिदानलाई औंल्याइरहेका थिए । त्यसबेला नै उद्धारको शक्तिशाली कार्य सम्पन्न भयो जब प्रभु येशू हाम्रा पापहरूका निम्ति मर्नुभयो ! हाम्रो उद्धारको मूल्य ख्रीष्टले आफ्नै अनमोल रगतद्वारा तिर्नुभयो !

### ४) नयाँ मालिक

प्रकाश ५:९ अनुसार ख्रीष्टले हामीलाई ____________________का निम्ति किनेर छुटाउनुभएको हो । यसकारण हामी ____________________का भएका छौं । तीतस २:१४ मा हामी सिक्छौं, ख्रीष्टले हामीलाई सबै ____________ बाट छुटकारा दिनलाई र असल-असल कामहरूमा जोशिलो भएको एउटा विशेष जातिलाई ____________ निम्ति शुद्ध पार्नलाई उहाँले आफैलाई हाम्रा निम्ति दिहाल्नुभयो । रोमी ६:२२ पढ्नुहोस् । छुटकारा पाएको हुनाले हामी __________ बाट स्वतन्त्र पारिएका छौं र हामी ____________________का ________________ भएका छौं । यो कस्तो असल दासत्व ! हिब्रू ९:१२ अनुसार, हाम्रो यो अचम्मको छुटकारा कहिलेसम्म कायम रहनेछ ? ______________ ____________ (तुलना गर्नुहोस् १ इतिहास १७:२१-२२, "सदासर्वदाको निम्ति") ।

निम्न तालिकामा इस्राएलको छुटकारा र ख्रीष्टमा भएको विश्वासीको छुटकाराको तुलना गर्नेछौं:






यस चित्रलाई अध्ययन गरौं । के तराजुमा २ किलो ढक बराबरको नुन छ? ________ । के नुनको मात्रा २ किलो ढकको "योग्य" छ? ________ । कति किलो नुन थपेपछि तराजु बराबरमा आउनेछ र नुन ढकको योग्य बन्नेछ? ________

एफेसी ४:१ लाई फेरि विचार गरौं । "योग्य चालमा हिँड्नु" भन्नुको अर्थ हो, हाम्रो जीवन हाम्रो बोलावटसँग मेल खानु अथवा बराबर हुनु ! हाम्रो बोलावट कस्तो किसिमको बोलावट हो (२ तिमोथी १:९)____________ ? । त्यसैले, हाम्रो पवित्र बोलावटलाई कस्तो किसिमको जीवन सुहाउँछ____________ ? । यस तथ्यलाई चित्रमा हेरौं --

**बराबर !**




**१ थेस्सलोनिकी ४:७**
**२ तिमोथी १:९**

**एफेसी ४:१**
**१ थेस्सलोनिकी ४:३**

### ठिक कि बेठिक

_________ सबै विश्वासीहरू पवित्र हुन् । विश्वासीले ___________ जीवन बिताउनुपर्छ ।

_________ विश्वासीहरू अलग गरिएका छन् । त्यसैले एक विश्वासीले ___________ जीवन बिताउनुपर्छ ।

के एफेसीका विश्वासीहरूलाई "पवित्र जनहरू" भनी सम्बोधन गरिएको थियो (एफेसी १:१)____________ ? । के उनीहरू पवित्र जनहरू भएका हुनाले पवित्र जनहरूझैं हिँड्न जिम्मेवार थिए (एफेसी ५:३)________________ ? । के रोममा भएका सबै विश्वासीहरूलाई "पवित्र जनहरू" भनेर जनाइएको छ (रोमी १:७)______________ ? । के उनीहरूले पवित्र जीवन बिताएको परमेश्वरले अपेक्षा गर्नुहुन्थ्यो (रोमी १६:२)________________ ? । के वृद्ध ख्रीष्टियन स्त्रीहरूले पवित्र जीवन बिताएको परमेश्वरले अपेक्षा गर्नुहुन्छ (तीतस २:३)? ________________

(ग) हरेक विश्वासी अलग हुन्छ
(घ) हरेक विश्वासीलाई फरक तुल्याइएको छ
(ङ) हरेक विश्वासी पवित्र जीवन बिताउँछ
(च) हरेक विश्वासी एक पवित्र जनझैं जिउँछ

## तथ्य ३ -- आफू अलग गरिएको हुनाले हरेक विश्वासी एक पवित्र जीवन बिताउन जिम्मेवार छ ।

यसको मतलब, पवित्र जन पवित्रतामा जिउनुपर्छ ! परमेश्वरतर्फ अलग गरिएका हुनाले हामीले अलग जीवन बिताउनुपर्छ ।

एफेसी ४:१ मा यी शब्दहरू पाउँछौं -- "यसकारण म, प्रभुको कैदी, तिमीहरूलाई बिन्ती गर्दछुः जुन बोलावटले तिमीहरू ______________ छौ, त्यसैको योग्य चालमा _________ ।"

ख्रीष्टमा विश्वास गर्नेहरूको बोलावट ज्यादै महान् छ ! उहाँले हामीलाई बचाउनुहुँदा परमेश्वरले हामीलाई अलग गर्नुभयो र आफूकहाँ बोलाउनुभयो ! १ कोरिन्थी १:९ अनुसार हामी कुन कुरामा बोलाइएका छौं ? ____________________________________________ । बाइबलले यस अचम्मको बोलावटलाई तीन प्रकारले बयान गरेको छ । हामी विश्वासीहरूको बोलावट उ______ (फिलिप्पी ३:१४), स्व_________ (हिब्रू ३:१) र प_________(२ तिमोथी १:९) बोलावट हो । १ थेस्सलोनिकी ४:७ अनुसार, परमेश्वरले हामीलाई केका निम्ति बोलाउनुभएको हो ? _________________ । के हामी आफ्नो पवित्र बोलावटको योग्य चालमा हिँड्नु परमेश्वरको इच्छा हो (एफेसी ४:१) ? _____________

एफेसी ४:१ मा "योग्य" भनेर अनुवाद गरिएको ग्रीक शब्द "जोख्नु" भन्ने शब्दबाट आएको हो । जोख्नलाई तराजु प्रयोग गरिन्छ जसको एकातिर ढक राखिन्छ भने अर्कोतिर जोखिने बस्तु (अन्न, फलफूल आदि) । जब तराजु बराबर हुन्छ तब जोख्नेमा ठिक मात्रा राखिएको छ भन्ने थाहा हुन्छ ! त्यसैले "योग्य" भन्ने शब्दले बराबर हुनु भन्ने अर्थ दिन्छ ।



| इस्राएल | विश्वासी |
|---|---|
| **१) महान उद्धारकर्ता** | |
| **परमप्रभुद्वारा** इस्राएलले छुटकारा पायो । | **प्रभु येशू ख्रीष्टद्वारा** विश्वासीले छुटकारा पायो । |
| **२) क्रूर दासत्व** | |
| इस्राएल मिश्रको दासत्वबाट छुटाइयो । | विश्वासी पापको दासत्वबाट छुटाइयो । |
| **३) शक्तिशाली कार्य** | |
| इस्राएलले छुटकारा पाउन परमेश्वरको एउटा शक्तिशाली कार्यको आवश्यकता पऱ्यो, अर्थात् लाल समुद्रको आश्चर्यकर्म (प्रस्थान १४) । | विश्वासीले छुटकारा पाउन परमेश्वरको एउटा शक्तिशाली कार्यको आवश्यकता पऱ्यो, अर्थात् कलवरीको क्रूस (१ पत्रुस १:१८-१९) । |
| **४) नया मालिक** | |
| सदासर्वदा परमेश्वरको निजी प्रजा बन्नलाई इस्राएललाई छुटकारा दिइएको थियो (१ इतिहास १७:२१-२२) ! | सदासर्वदा परमेश्वरको निजी सम्पत्ति बन्नलाई विश्वासीलाई छुटकारा दिइएको हो (१ कोरिन्थी ६:२०; तीतस २:१४; प्रकाश ५:९; हिब्रू ९:१२) ! |

## उद्धारको व्यक्तिगत तथा व्यावहारिक पक्ष

१) म अब प्रभु येशू ख्रीष्टको हुँ ! १ कोरिन्थी ६:२० बाट म थाहा पाउँछु, ममाथि ख्रीष्टको पूर्ण स्वामित्व छ किनकि उहाँले मलाई ________________! यसकारण, मेरो पैसा कसको हो ? __________ । मेरा सम्पत्ति (घर, सवारी साधन, लुगाफाटा, आदि) कसका हुन् ? _____________ । मेरो शरीर कसको हो ? _______________ । मेरो समय कसको हो ? _______________

२) १ कोरिन्थी ६:२० पढ्नुहोस् । दाम तिरेर किनिएको हुनाले (१ पत्रुस १:१८-१९) अनि ख्रीष्टले मलाई आफ्नै निम्ति छुटकारा दिनुभएकोले, मेरो सर्वोपरि कर्तब्य के

हो ? ____________________________________________
____________________________________________

३) छुटकारा पाएको हुनाले म अब प्रभु येशू ख्रीष्टको प्रेमको दास हुँ ! यहूदा १ पढ्नुहोस् । यहूदाले आफूलाई ________ __________ ________ भनी परिचय दिन्छन् (हेर्नुहोस् फिलेमोन १:१; तीतस १:१ याकूब १:१ र २ पत्रुस १:१) । छुटकाराद्वारा तपाईं स्वतन्त्र पारिनुभयो साथै तपाईं एक दास पनि बन्नुभयो ! ! यो दासत्व उदेकको छ ! ! म रगतद्वारा किनिएको हुँ र म अब प्रेमले बाँधिएको छु ! कोही पनि पूर्ण रूपमा स्वतन्त्र हुँदैन । एक व्यक्ति या त पापको दास हुन्छ या त ख्रीष्टको ! तपाईं कुन खाले दास बन्न चाहनुहुन्छ ? __________ । एफेसी ६:५ र कलस्सी ३:२२ अनुसार, आफ्नो मालिकप्रति दासको प्रमुख दायित्व के हो ? _ _ _ _ _ _ _ _ _ _ ____________________ (तुलना गर्नुहोस् १ पत्रुस २:१८) । तपाईंको मालिक र प्रभु को हुनुहुन्छ ? ________________ । तब उहाँप्रति तपाईंको जिम्मेवारी के हो ? ____________________

४) रोमी ६:२२ पढ्नुहोस् । छुटकारा पाएकोले म ________बाट ___________ छु । मुक्ति पाएकै क्षणमा हाम्रो जीवनमाथि रहेको पापको शक्तिबाट हामी स्वतन्त्र पारियौं । अबदेखि उसो हामी पापका दास हुनुपर्दैन । हामी अब ख्रीष्टको सेवा गर्न र पवित्र जीवन बिताउन स्वतन्त्र भएका छौं ! यसको मतलब के एक ख्रीष्टियन पापरहित भएको छ भन्नु हो (१ यूहन्ना १:८-१०) ? ___________ । उदाहरणको लागि यसरी सोचौं: मुक्ति पाउन अघि हामी सबै पापको कैदखानाभित्र थियौं । उम्किने कुनै उपाय थिएन । कैदखानाका ढोकाहरू बन्द थिए । हामी निरन्तर पापमा जीवन बिताइरहन्थ्यौ । हामीले परमेश्वरलाई खुसी पार्नु असम्भव थियो (रोमी ८:७-८ र हिब्रू ११:६) । मुक्ति पाएकै घडीमा कैदखानाका ढोकाहरू खुले । हामी स्वतन्त्र पारियौं ! खुसी हुँदै हामी कैदखानाको भित्रबाट बाहिर स्वतन्त्रतामा निस्की आयौं । ख्रीष्टलाई मनपर्दो जीवन बिताउन, ____________का निम्ति आफ्ना फल फलाउन अब हामी सक्ने भयौं, अनि अन्तचाहिँ अनन्त जीवन हो (रोमी ६:२२) । तरैपनि, कैदखानाका ढोकाहरू खुल्लै भएकाले अनि हामी फेरि कैदखानाभित्र फर्केर जानु सम्भव पनि छ ! तर फेरि बन्धनमै फर्केर जानु कत्रो मूर्खता हो, जब कि हामीलाई स्वतन्त्र पार्न ख्रीष्टले त्यत्रो महान् कार्य गर्नुभयो ! जब आफ्ना अङ्गहरूलाई __________का हतियारहरूका रूपमा __________को वशमा सुम्पन्छौं (रोमी ६:१३), तब हामी कैदखानाभित्रै फेरि जाक्किन पुग्छौं ! ढोका खुल्लै भएर पनि हामीले स्वतन्त्रताको सट्टा पापको बन्धनमै बस्न रोज्यौं । तरैपनि, हामीले आफ्ना पापहरू तुरुन्तै ____________ गर्न सिक्छौं (१ यूहन्ना १:९) अनि



हिब्रू ३:१ मा विश्वासीहरूलाई कुनचाहिँ शब्दहरूले बयान गरिएको छ ? प________ भा________ । कलस्सी ३:१२ अनुसार हरेक विश्वासीको बारेमा तीनओटा कुराहरू सत्य छन् । हरेक विश्वासी १) परमेश्वरका __________ २) __________ ३) __________ हुन्छ (परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ किनकि हामी परमेश्वरको प्रियमा छौं -- हेर्नुहोस्, एफेसी १:६ र मत्ती ३:१७) । १ पत्रुस २:९ मा हरेक विश्वासीको बारेमा अरु चार सत्य कुराहरू सिक्छौं । हामी विश्वासीहरू निम्नअनुसार भएका छौं --

१. ____________ वंश
२. एउटा राजकीय ____________को समाज (हामी हरेक विश्वासी पूजाहारी हौं अनि हामीले परमेश्वरलाई हिब्रू १३:१५-१६ मा उल्लेखित बलिदानहरू चढाउन सक्छौं)
३. एउटा ____________ जाति
४. निज प्रजा (अर्थात् उहाँकै प्रजा -- हेर्नुहोस्, तीतस २:१४) ।

## ठिक कि बेठिक

________ हरेक विश्वासी पवित्र हुन्छ ।
________ हरेक विश्वासीले दिनहुँ पवित्र जीवन बिताउँछ । (तुलना गर्नुहोस्, २ कोरिन्थी ७:१ ;कलस्सी ३:८–९) ।

हामीले पाठको शुरुमा "पवित्र" को माने "अलग गरिएको, छुट्टयाइएको" हो भन्ने सिक्यौं । यसको अर्थ बुझ्नलाई एउटा उदाहरणस्वरुप बाइबललाई लिऊँ जसलाई प्रायः "पवित्र बाइबल" भनिन्छ । रोमी १:२ मा बाइबललाई "________________" भनिएको छ । हाम्रो बाइबल "पवित्र" छ भन्नुको तात्पर्य यसले कहिल्यै पाप गर्दैन भन्ने होइन ! एउटा पुस्तकले पाप गर्न सक्दैन, त्यो फोहोरै भएपनि ! केवल मानिसहरूले पाप गर्न सक्छन् ! हाम्रो बाइबल पवित्र छ भन्नुको तात्पर्य यो अन्य सबै पुस्तकहरूदेखि "अलग" छ भन्ने हो ! परमेश्वर-निश्वासित पुस्तक केवल बाइबल मात्रै हो (२ तिमोथी ३:१६) ! यसरी बाइबल अद्वितीय छ र अरु हरेक पुस्तकबाट फरक छ । अब, ख्रीष्टमा भएको एक विश्वासीको निम्ति यसरी नै अर्थ लगाऔं । परमेश्वर भन्नुहुन्छ, हरेक विश्वासी पवित्र छ (हिब्रू ३:१ ;कलस्सी ३:१२) ;त्यसैले हरेक विश्वासीलाई "अलग गरिएको" छ र फरक तुल्याइएको छ । परमेश्वरले एक-एक विश्वासीलाई अलग गर्नुभएको छ ! निम्नमध्ये **ठिक भनाइहरूलाई मात्र गोलो चिन्ह लगाउनुहोस्**:

(क) हरेक विश्वासी पवित्र हुन्छ
(ख) हरेक विश्वासी अलग गरिएको छ

बोलाइएका थिए ! अरु त्यहाँ यो पनि बताइएको छ, तिनीहरू "________ ________मा ___________ _____________ (अलग गरिएका, छुट्टयाइएका) ________ । " १ कोरिन्थी १:३० मा हामी पढ्छौं, ख्रीष्ट येशू____ यी विश्वासीहरूले बुद्धि धार्मिकता र छुटकारा मात्र नभएर _______________ पनि पाएका थिए । १ कोरिन्थी ६:११ अनुसार कोरिन्थका यी विश्वासीहरू पहिले घिनलाग्दा पापीहरू थिए (पद ९-११) तर अब उनीहरू धोइएका थिए, _____________ पारिएका थिए, धर्मी ठहरिएका (धर्मी भनी घोषणा गरिएका) थिए ! त्यसैले, उनीहरूको व्यावहारिक जीवनलाई हेर्दा कोरिन्थका यी विश्वासीहरू _____________ थिए, तर परमेश्वरले उनीहरूलाई ख्रीष्टमा (१ कोरिन्थी १:२) देख्नुभएअनुसार उनीहरू _______________ थिए ।






अपवित्र जीवन बिताउने पवित्र जन!!
१ कोरिन्थी ३:१-४

### ठिक कि बेठिक छुट्टयाउनुहोस्:

________कोरिन्थ शहरका सबै विश्वासीहरू परमेश्वरतर्फ अलग भई पवित्र जीवन बिताउँदै थिए ।

________कोरिन्थ शहरका सबै विश्वासीहरू पवित्र जन थिए ।

एफेसी १:१ र फिलिप्पी १:१ मा एफेसी र फिलिप्पीमा भएका विश्वासीहरूलाई __________ _____________भनिएको छ । यदि पावलले तपाईंको मण्डलीलाई पत्र लेखेका भए, त्यो पत्रको शुरु सायद यसरी हुनेथ्यो: "__________________मा भएका _____________________ (पवित्र व्यक्तिहरू, अलग गरिएकाहरू) लाईः हाम्रा पिता परमेश्वर र प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई ________________ र _____________ । " कलस्सी १:१-२ पढेर **ठिक कि बेठिक** छुट्टयाउनुहोस्: एफेसी र फिलिप्पीका विश्वासीहरूलाई "पवित्र जनहरू" भनी सम्बोधन गरियो तर कलस्सीका विश्वासीहरूलाई गरिएन ।

_____________



हामी कैदखानाको भित्रबाट फेरि बाहिर स्वतन्त्रतामा निस्कन सक्छौं । परिपक्व विश्वासी त्यो हो जसले आफ्नो जीवन प्रायः कैदखानाको बाहिरै बिताउँछ ! एक दिन प्रभु येशू फेरि आउनुहुनेछ अनि हामीले सिद्ध छुटकारा पाउनेछौं । तब कैदखानाका ढोकाहरू कहिल्यै नखुल्ने गरी बन्द गरिनेछन् । हामी कैदखानाको बाहिर हुनेछौं र हामी त्यस भित्र पस्न असम्भव हुनेछ । हामीलाई पापको **शक्ति**देखि मात्र नभई पापको **उपस्थिति**देखि समेत स्वतन्त्र पारिनेछ । जब हाम्रो छुटकारा पूरा हुनेछ, तब हामी साँच्ची नै पापरहित हुनेछौं र हामीलाई पाप गर्नु असम्भव हुनेछ ! त्यो अन्तिम र पूर्ण छुटकाराको बारेमा बताउने केही पदहरू यी हुन्: लूका २१:२८; एफेसी १:१४ र ४:३०; रोमी ८:२३ ।

चार्ल्स वेस्ली (सन् १७०७-१७८८) द्वारा लिखित यस भजनले ख्रीष्टमा भएको छुटकाराको राम्रो चित्रण दिन्छः

*"आत्मा मेरो सधैं कैदी थियो*
*पापको दह्रो साङ्लो र अँध्यारोमा;*
*जीवन दिने तिम्रो आवाजले*
*म ब्यूँझें तुरुन्त उज्यालोमा;*
*साङ्लो छिन्यो छुटकारा पायो यस प्राणले !*
*र म उठें अघि बढें तिम्रो पछि लागें !*
*उदेकको प्रेम ! कसरी हो*
*तपाईं परमेश्वर क्रूसमा मर्नुभो ! "*

## ४) पवित्रीकरण: मुक्ति पाएकै घडी म पवित्र बनाइएँ

अब हामी बाइबलीय पवित्रीकरण (अलगपनता) को शिक्षा बुझ्नलाई ६ ओटा तथ्यहरूलाई अध्ययन गर्नेछौं:

### तथ्य १ -- पवित्रीकरण (अलगपनता) भन्ने कुरा परमेश्वरकै स्वभावमा आधारित छ

यशैया ६:३ मा सराफहरूले परमेश्वर कस्तो हुनुहुन्छ भनी बयान गर्न एउटा शब्द तीन पटक प्रयोग गरे । त्यो शब्द कुन हो___________ ? । प्रकाश ४:८ मा पनि यस्तै बयान पाइन्छ______ ? । "पवित्र" को अर्थ हो," अगल गरिएको, छुट्टयाइएको, अलग" । त्यसैले यशैया ६:३ लाई यसरी अनुवाद गर्न सक्छौं: "परमप्रभु, अलग, अलग, अलग हुनुहुन्छ । " परमेश्वर कुन हिसाबमा अलग हुनुहुन्छ ?यसको जवाफ दुई तरिकाले दिन सकिन्छ:

**१) परमेश्वर संसार र सृष्टि गरिएका सबै थोकदेखि पूर्ण रूपमा अलग हुनुहुन्छ ।**

के परमेश्वर स्वयंको सृष्टि कहिल्यै भएको थियो (तुलना गर्नुहोस् यूहन्ना १:१) ? ________ । के परमप्रभुको कहिल्यै शुरुआत भएको थियो (भजनसङ्ग्रह ९०:२)________ ? । यदि एक्कासि सारा सृष्टि अलप भए के परमेश्वर अझै परमेश्वर नै भइरहनुहुन्छ (मलाकी ३:६)____________ ? । यशैया ५७:१५ मा परमप्रभुको बयान यसरी गरिएको छ -- "जो ________ र ________ हुनुहुन्छ, जो ________मा वास गर्नुहुन्छ, जसको नाम________ छ । " यशैया ६:१ मा हामी सिक्छौं, यशैयाले परमप्रभुलाई ________र ________सिंहासनमाथि बसिरहनुभएको देखे । सृष्टिकर्ता उच्च हुनुहुन्छ कि सृष्टि गरिएका थोकहरू? ____________ । रोमी १:१९-२५ पढ्नुहोस् । मानिसले कसको उपासना र सेवा गर्नुपर्छ, सृष्टिकर्ताको कि सृष्टिको____________ ? । प्रस्थान २०:३-५ पढ्नुहोस् । हामीले आकाशमा, पृथ्वीमा वा समुद्रमा भएको कुनै कुरालाई मूर्तिको रूपमा खोपेर परमेश्वरको पक्का प्रतिरुप उतार्न के सम्भव छ? _____ । त्यसो भए परमेश्वर सृष्टि गरिएका सबै थोकबाट पूर्ण रूपमा भिन्न र अलग हुनुहुन्छ भन्ने कुरा सत्य हो________ ?

**२) परमेश्वर सबै अशुद्ध कुराहरूदेखि पूर्ण रूपमा अलग हुनुहुन्छ । अर्थात् परमेश्वर सबै पापपूर्ण कुराहरूदेखि पूर्ण रूपमा अलग हुनुहुन्छ ।**

जब यशैयाले परमेश्वरको पवित्रताको दर्शन देखे (यशैया ६:१-३), उनले आफ्नो विषयमा के महसुस गरे (यशैया ६:५) ? ____________________________________ ।
भजनसङ्ग्रह २४:३-४ अनुसार, परमेश्वरको पवित्र स्थानमा को खडा हुन सक्छ ? ____________________________ । परमेश्वरमा पापको अन्धकार कति मात्रामा छ (१ यूहन्ना १:५)____________ ? । भजनसङ्ग्रह २२:१ र मत्ती २७:४५-४६ पढ्नुहोस् । येशूले आफ्नो शरीरमा हाम्रा पापहरू क्रूसमाथि बोक्नुहुँदा (१ पत्रुस २:२४) परमेश्वर पिताले आफ्नो प्रिय पुत्रलाई किन त्याग्नुभयो ?ख्रीष्ट हाम्रा निम्ति पाप तुल्याइनुहुँदा (२ कोरिन्थी ५:२१) परमेश्वर पिताले आफूलाई आफ्नो एकमात्र जन्माइएको (अद्वितीय) पुत्रदेखि किन अलग गर्नुभयो ? यी प्रश्नहरूको उत्तर भजनसङ्ग्रह २२:३ मा पाइन्छ: ________ ____________________________ । हामीलाई यस्तो पवित्र परमेश्वरदेखि अलग गर्ने कुरा के हो (यशैया ५९:२) ? ________



त्यसैले, परमेश्वरको पवित्रता भन्नाले यो बुझिन्छ, १) परमेश्वर सृष्टि गरिएका सब थोकदेखि पूर्ण रूपमा अलग हुनुहुन्छ, र २) परमेश्वर सबै पापपूर्ण कुराहरूदेखि पूर्ण रूपमा अलग हुनुहुन्छ । हामी सृष्टि गरिएका सबै कुरादेखि अलग हुन असम्भवै छ । केवल सृष्टिकर्ता मात्रै सारा सृष्टिदेखि पूर्ण रूपमा अलग हुनुहुन्छ । यस अर्थमा हामी कहिल्यै पवित्र हुन सक्दैनौं । तैपनि, परमेश्वरको अनुग्रहले एउटा विश्वासी सबै पापपूर्ण कुराहरूदेखि भने अलग हुन सक्छ । वास्तवमा, हामीलाई सबै पापपूर्ण कुराहरूदेखि अलग हुन आज्ञा नै दिइएको छ ! ! यो आज्ञा १ पत्रुस १:१६ मा पाइन्छ: "तिमीहरू ________होओ । " यस पदअनुसार, हामी किन पवित्र (अलग) हुनुपर्छ ? ____________________________ ________________ । एउटा विश्वासीले उहाँको पवित्रताको देखासिकी गरेको के परमेश्वर चाहनुहुन्छ (तुलना गर्नुहोस्, एफेसी ५:१) ? ____________ । लेवी ११:४४-४५ अनुसार, के पुरानो नियमका विश्वासीहरूलाई पनि यो आज्ञा दिइएको थियो ? ________ । यसरी पवित्रीकरण (अलगपनता)को बाइबलीय शिक्षालाई अध्ययन गर्ने क्रममा हामीले स्वयम् परमेश्वरदेखि शुरु गर्नुपर्छ अनि सधैं उहाँको पवित्रता र उहाँको पवित्रीकरण (अलगपनता)को तथ्यलाई हाम्रो सामु राख्नुपर्छ ! ! पवित्र ! ! पवित्र ! ! पवित्र ! !

## तथ्य २ -- हरेक विश्वासी अलग गरिएको छ

परमेश्वरले हामीलाई केका निम्ति बोलाउनुभएको होइन (१ थेस्सलोनिकी ४:७) ? ____________________ । उहाँले हामीलाई केका निम्ति बोलाउनुभएको हो ? ________________ (१ थेस्सलोनिकी ४:३-४ पनि हेर्नुहोस्) । यसरी परमेश्वरले हामीलाई उहाँतर्फ अलग हुनलाई बोलाउनुभएको हो ! !

रोमी १:१ अनुसार, पावल के हुनालाई बोलाइएका थिए ? ________ । के पावल साँच्चै प्रेरित थिए (हेर्नुहोस्, २ कोरिन्थी १:१ र एफेसी १:१) ? ________ । रोमी १:७ अनुसार, रोममा भएका विश्वासीहरू के हुनालाई बोलाइएका थिए ? ________ । त्यसो भए, यी विश्वासीहरू साँच्चै पवित्र थिए ? ________ । "पवित्र जन" को अर्थ हो," पवित्र व्यक्ति, अलग गरिएको व्यक्ति, छुट्टयाइएको व्यक्ति" ।

१ कोरिन्थी २:१५-३:४ पढ्नुहोस् । कोरिन्थका विश्वासीहरू कस्ता थिए, आत्मिक कि शारीरिक ? ________ । अब छक्कलाग्दो कुरो के छ भने, १ कोरिन्थी १:२ अनुसार, यिनै विश्वासीहरू ____________ हुनलाई